पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

## सम्पादकीय

# पूँजीगत खर्चको सकस

अघिल्ला वर्षहरूमा जस्तै यस पटक पनि पूँजीगत बजेट खर्च चर्चाको शिखरमा छ । असार लागेपछि सहरदेखि गाउँसम्म एक किसिमले विकासको लहर चल्यो । तर अन्तिममा आएर गरिएको खर्चले पूँजीगत खर्चको लक्ष्य प्राप्त गर्न सकेन । यो क्रम यस वर्ष मात्रै होइन विगतदेखि नै यस्तै हुँदै आएको छ । जहिल्यै पूँजीगत खर्च हुन नसक्नु दुखद् हो ।

पूँजी निर्माण तथा पूर्वाधार विकास र विस्तार गर्न सरकारले गर्ने खर्च हरेक वर्ष घट्दै गएको छ । सरकारले यसै पनि पूँजीगत बजेटमा कम रकम छुट्ट्याउँछ, त्यसमा पनि खर्च ज्यादै न्यून हुनु दुर्भाग्य हो । गत आर्थिक वर्षमा सरकारले संशोधित बजेटको ८० दशमलव ४४ प्रतिशत रकम खर्च गरेको छ । त्यसमा पूँजीगत खर्च ६३ दशमलव ४७ प्रतिशत रहेको छ । झट्ट हेर्दा यो खर्च ठीकै देखिए पनि यो आवको अन्त्यमा हतारहतार गरिएको खर्च हो । यो नेपालको विकास निर्माणको बेथिति हो । यसलाई रोक्न सरकार असफल भएको छ । पूँजीगत खर्च बढाउन प्रत्येक वर्ष बजेट वक्तव्यमार्फत विभिन्न नीतिगत व्यवस्था घोषणा गरिए पनि तिनले कार्यान्वयनमा प्राथमिकता पाउन सकेका छैनन् । पूँजीगत खर्च बढाउन धेरै नीतिगत तथा कानुनी परिवर्तन गरिएरु। बजेट कार्यान्वयन कार्यतालिकादेखि आयोजनाको पूर्वतयारी, डीपीआर निर्माण, कार्यविधि/निर्देशिका तर्जुमा तथा संशोधन एवं ठेक्का प्रक्रिया र सम्झौता गर्नेसम्मको समय तोकी सचिव, विभागीय प्रमुख र आयोजना प्रमुखलाई बजेट कार्यान्वयनमा जिम्मेवार बनाउने प्रावधानहरू कडाइका साथ लागू गर्ने उद्घोष गरिए पनि त्यसो हुन सकेको छैन । वास्तवमा कर्मचारीतन्त्रलाई काममा लगाउन नसक्दा यस्तो अवस्था सिर्जना हुन पुगेको छ । संघ र प्रदेशमा विधायकको मौजुदा संख्यासमेत विचारणीय छ । स्थानीय तह नागरिकको दैलाको सरकार हो तर तिनले गर्ने खर्च पनि बेहिसाब बढेको छ । तिनको गैरबजेटरी खर्चलाई लगाम लगाउनुपर्नेछ । यसरी बचत भएको साधन र स्रोतबाट पूँजीगत खर्च बढाउँदै लैजान सकियो भने त्यसले उत्पादन, रोजगारी, पूर्वाधार, आयलगायतमा आयामिक प्रभाव पार्नेछ । तसर्थ यसतर्फ तीनै तहका सरकारले गम्भीर भएर सोच्न जरुरी छ ।

## Opinion @ Social Network

आफ्नै दुनियाँमा मस्त छु म,
तिमिले आहा गरेनी ठिक, डाहा गरेनी ठिक् ।
*(सुरज अर्यालको फेसबुक स्टाटसबाट www.facebook.com//Thakuri.Kanxi)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# सामाजिक सञ्जालमा 'रिप' लेख्ने फेसन



## अजयकुमार झा

*हन्दुहरूले पार्थिव शरीर जलाउने गर्छन् । हुन त हिन्दु धर्ममै पनि साधु संन्यासीको पार्थिव शरीरलाई नजलाई भूमि समाधि वा जल समाधि दिने परम्परा छ । इसाई वा इस्लाम धर्ममा यो विश्वास गरिन्छ कि मर्नेहरू वास्तवमा पूर्ण रूपमा मरेका हुँदैनन् । उनीहरू त्यस दिन मर्छन्, जुन दिन कयामत आउनेछ । कयामतको दिनमा सबै मरिबसेकाहरूको जीवन कर्महरूको मूल्याङ्कन गरिनेछ र त्यही मूल्याङ्कनका आधारमा उनीहरूमध्ये जो जन्नत 'स्वग' जाने ठहरिन्छन्, तिनलाई जन्नतमा र जो दोजख 'नक' जाने ठहरिन्छन्, तिनलाई दोजखमा पठाइनेछ । यसरी जन्नत वा दोजखमा पठाइसकेपछि उनीहरूको मृत्युले पूर्णता पाउनेछ । त्यसैले कतिपय रोमन राजाहरूदेखि लिएर पोपसम्मको पार्थिव शरीरलाई चिहानभित्र वा सुरक्षित घरभित्र राखिएको देखिन्छ । इस्लाम धर्ममा पनि मजार भनेको त्यस्तै ठुला व्यक्तिहरूको पार्थिव शरीर राखिएको एक तरहको चिहान नै हो । हिन्दु धर्ममा पनि ठुलाबडालाई जहाँ जलाइएको हुन्छ, त्यहाँ समाधि गृह निर्माण गर्ने चलन छ, तर यी दुईमा यो भिन्नता छ कि हिन्दु विश्वास के हो भने अमुक व्यक्तिको मृत्यु पूर्णरूपमा भइसकेको छ र जुन स्थानमा अन्त्येष्टि गरियो त्यो स्थान पवित्र स्थान हो । अन्य धर्ममा मृत्यु नै अपूर्ण छ भन्ने मान्यता हुन्छ । त्यसैले पूर्ण मृत्यु प्राप्त नहुँदासम्म 'रेस्ट इन् पिस' अर्थात् शान्तिका साथ आरामले बस भनिएको हो । हिन्दु धर्मको मान्यता अनुसार शरीर नश्वर हो, आत्मा अमर हो । हिन्दुहरूलाई मरेर जलाइएको छ, त्यसैले उनको 'आराममा शान्ति' भन्ने प्रश्न छैन । श्राद्धकर्म आत्मालाई अर्को आध्यात्मिक यात्रा ( आत्माको परमात्मामा मिलनको यात्रा) का लागि गति प्रदान गर्न मात्र गरिन्छ । आत्माका बारेमा श्रीमद्भागवत गीतामा श्रीकृष्णले भनेका छन्– 'नैनं छिन्दन्ति शस्त्राणि नैनं दहति पावकः । न चैनं क्लेदयन्त्यापो न शोषयति मारुतः ।।' अर्थात् 'यो आत्मा अजर अमर छ, यसलाई न त आगोले जलाउन सक्छ, न त पानीले भिजाउन सक्छ, न त हावाले सुकाउन सक्छ र न त कुनै शस्त्रले खण्डित गर्न सक्छ ।'*

जीवनका तीन आयाम छन्– जन्म, जीवन र मृत्यु । प्राणीका स्वभाव र आवश्यकताअनुसार न्यूनतम गर्भमास पूरा भएपछि आमाका गर्भबाट भ्रूण बाहिर निस्कनु नै जन्म हो । जन्म आफ्नो इच्छाले हुँदैन । जीवात्मा अर्थात् प्राणीको जीवनको अन्त्यलाई मृत्यु भनिन्छ । यसरी जन्मदेखि मृत्युबिचको कालावधि नै जीवन कहलाउँछ । जीवनको मुख्य अङ्ग एक चेतन तत्त्व हो, जो जीवनका सबै क्रियाको साक्षी हुन्छ । बुद्धिमान, सर्वश्रेष्ठ प्राणी मानिसले अन्त्यमा प्रकृतिका सामु घुँडा टेक्नुपर्छ । अर्थात् प्रकृतिको यो उत्कृष्ट र महान् रचना मानिसको मृत्यु हुन्छ । मानिसले चाहेर पनि मृत्युमाथि विजय प्राप्त गर्न सकेको छैन । मृत्यु नै अन्तिम सत्य हो । सायद त्यसैले अमरत्वको अर्थ 'मृत्योर्मा अमृतं गमय' भएको होला तर मानिसले अर्कै अर्थ लगाउन पुगे । जन्म प्राकृतिक घटना अवश्य हो, तर यो शाश्वत सत्य होइन । त्यस्तै जीवन अनित्य हो, माया हो भनेर भनिन्छ । चराचर ग्रह, नक्षत्र आदि सबै अनित्य हुन् । जसको उत्पत्ति छ, त्यसको अन्त्य निश्चित छ । नित्य के कुरा छ त ? त्यो भिन्दै विषय हो । श्रीमद्भागवतमा श्रीकृष्ण भन्छन्- यदा यदा हि धर्मस्य ग्लानिर्भवति भारत। अभ्युत्थानमधर्मस्य तदात्मानं सृजाम्यहम् ।। परित्राणाय साधूनां विनाशाय च दुष्कृताम् । धर्मसंस्थापनार्थाय सम्भवामि युगे युगे ।। अर्थात् जब-जब धर्मको हानि हुन थाल्छ र अधर्म बढ्न थाल्छ, तब तब म स्वयंको सृष्टि गर्छु, अर्थात् जन्म लिन्छु । सज्जनको रक्षा एवं दुष्टको विनाश गर्न र धर्मको पुन:स्थापनाका लागि म विभिन्न युग 'काल' मा अवतरित हुन्छु । यस कथनले जन्म प्रक्रियालाई पनि सुनिश्चित अर्थात् शाश्वत घटनाको रूपमा लिनुपर्ने देखिन्छ, यो कथन मात्र कुनै व्यक्ति विशेषको जन्मलाई सुनिश्चित गर्न अपर्याप्त छ । सनातन धर्ममा मोक्ष वा निर्वाण र पुनर्जन्म गरी दुई प्रकारका सिद्धान्त छन् । कि त मोक्ष मात्र हुनुपर्छ 'अर्थात् पुन: जन्म लिननपर्ने' अथवा पुनर्जन्म मात्र हुनुपर्छ । जीवनको उद्देश्य भने मोक्ष वा निर्वाणलाई मानिएको छ । मोक्ष वा निर्वाण प्राप्त नभएसम्म मानिसले पुन: पुन: जन्म लिइरहनुपर्छ भनिएको छ । मानिसले कर्मका आधारमा विभिन्न योनि 'जीव रूप' मा जन्म लिनुपर्ने भन्दै गर्दा अरू जीवले पनि जन्ममाथि जन्म लिई रहनुपर्ने अवस्था देखिन्छ । मृत्यु एक अटल सत्य हो । मृत्यु भनेको सबै जैविक तत्त्वहरूको स्थायी, अपरिवर्तनीय समाप्ति हो । मृत्यु एक प्राकृतिक व्यवस्था हो, जुन सम्पूर्ण जीवहरूमा लागू हुन्छ । संयुक्त राष्ट्र संघका अनुसार विश्वभरि प्रत्येक दिन करिब ३,८५,००० व्यक्तिको जन्म हुन्छ र करिब १,५०,००० व्यक्तिको मृत्यु । यो गणितले हामीलाई यो बताउँछ कि जन्म र मृत्युको घटना हरक्षण घटित भइरहेको हुन्छ । मृतकप्रति जति नै माया स्नेह भए पनि पार्थिव शरीरलाई धेरैबेर घरमा राख्न सकिन्न । त्यसैले अन्त्येष्टिको विधि-विधान प्रारम्भ गरिन्छ । आ-आफ्ना धर्म, प्रचलन, संस्कृति, रीतिरिवाज, प्रथा, परम्परा अनुसार श्राद्ध कर्म गरिन्छ । आफन्त वा शुभचिन्तकले शोकाकुल परिवारप्रति समवेदना व्यक्त गर्छन् । आजकल सामाजिक सञ्जालको जमाना छ । फेसबुक, ट्विटर आदिबाट शुभकामनादेखि समवेदनासम्म व्यक्त गरिन्छ । खासगरी मृत्यु शोक पर्दा शोक सन्देश दिनेको लहर सुरु हुन्छ । शोकाकुल परिवारप्रति समवेदना प्रकट गर्दा वा मृतकलाई श्रद्धाञ्जली दिँदा के कस्ता शब्द प्रयोग गर्ने भन्नेमा ध्यान दिनुपर्ने हुन्छ । खासगरी मानिसको नीतिमा रोमन लिपिमा रिप 'आरआईपी' लेख्ने फेसनजस्तै भएको छ । वास्तवमा 'आरआईपी' लेख्नेहरू धार्मिक अर्थमा सचेत छैनन् जस्तो देखिन्छ ।

**कसलाई भनिन्छ 'रिप' ?**

'आरआईपी' एक सङक्षिप्ति हो, जसको रोमन लिपिमा रेस्ट इन् पिस भन्ने हुन्छ, अर्थात् 'शान्तिपूर्ण अवस्थामा आराम गर' । वस्तुत: यस्तो भावको अभिव्यक्ति त्यस्ताका लागि हो, जसको अन्त्येष्टि पार्थिव शरीरलाई चिहानमा गाडिन्छ, न कि जलाइन्छ । इसाई वा इस्लाम धर्ममा पार्थिव शरीरलाई चितामा जलाइँदैन, चिहानमा गाडिन्छ । हिन्दुहरूले पार्थिव शरीर जलाउने गर्छन् । हुन त हिन्दु धर्ममै पनि साधु संन्यासीको पार्थिव शरीरलाई नजलाई भूमि समाधि वा जल समाधि दिने परम्परा छ । इसाई वा इस्लाम धर्ममा यो विश्वास गरिन्छ कि मर्नेहरू वास्तवमा पूर्ण रूपमा मरेका हुँदैनन् । उनीहरू त्यस दिन मर्छन्, जुन दिन कयामत आउनेछ । कयामतको दिनमा सबै मरिबसेकाहरूको जीवन कर्महरूको मूल्याङ्कन गरिनेछ र त्यही मूल्याङ्कनका आधारमा उनीहरूमध्ये जो जन्नत 'स्वग' जाने ठहरिन्छन्, तिनलाई जन्नतमा र जो दोजख 'नक' जाने ठहरिन्छन्, तिनलाई दोजखमा पठाइनेछ । यसरी जन्नत वा दोजखमा पठाइसकेपछि उनीहरूको मृत्युले पूर्णता पाउनेछ । त्यसैले कतिपय रोमन राजाहरूदेखि लिएर पोपसम्मको पार्थिव शरीरलाई चिहानभित्र वा सुरक्षित घरभित्र राखिएको देखिन्छ । इस्लाम धर्ममा पनि मजार भनेको त्यस्तै ठुला व्यक्तिहरूको पार्थिव शरीर राखिएको एक तरहको चिहान नै हो । हिन्दु धर्ममा पनि ठुलाबडालाई जहाँ जलाइएको हुन्छ, त्यहाँ समाधि गृह निर्माण गर्ने चलन छ, तर यी दुईमा यो भिन्नता छ कि हिन्दु विश्वास के हो भने अमुक व्यक्तिको मृत्यु पूर्णरूपमा भइसकेको छ र जुन स्थानमा अन्त्येष्टि गरियो त्यो स्थान पवित्र स्थान हो । अन्य धर्ममा मृत्यु नै अपूर्ण छ भन्ने मान्यता हुन्छ । त्यसैले पूर्ण मृत्यु प्राप्त नहुँदासम्म 'रेस्ट इन् पिस' अर्थात् शान्तिका साथ आरामले बस भनिएको हो । हिन्दु धर्मको मान्यता अनुसार शरीर नश्वर हो, आत्मा अमर हो । हिन्दुहरूलाई मरेर जलाइएको छ, त्यसैले उनको 'आराममा शान्ति' भन्ने प्रश्न छैन । श्राद्धकर्म आत्मालाई अर्को आध्यात्मिक यात्रा (आत्माको परमात्मामा मिलनको यात्रा) का लागि गति प्रदान गर्न मात्र गरिन्छ । आत्माका बारेमा श्रीमद्भागवत गीतामा श्रीकृष्णले भनेका छन्– 'नैनं छिन्दन्ति शस्त्राणि नैनं दहति पावकः । न चैनं क्लेदयन्त्यापो न शोषयति मारुतः ।।' अर्थात् 'यो आत्मा अजर अमर छ, यसलाई न त आगोले जलाउन सक्छ, न त पानीले भिजाउन सक्छ, न त हावाले सुकाउन सक्छ र न त कुनै शस्त्रले खण्डित गर्न सक्छ ।' यसर्थ सामाजिक सञ्जालमा व्यक्तिको निधनमा समवेदना प्रकट गर्दा– 'मृतकलाई भावपूर्ण श्रद्धाञ्जली', 'हार्दिक श्रद्धाञ्जली', 'अश्रुपूरित श्रद्धाञ्जली', 'बैकुण्ठवास होस', 'नमन', 'अशेष नमन', 'कोटिकोटि नमन', 'सादर नमन', 'शतशत नमन', 'हार्दिक नमन', 'अत्यन्त दु:खद !' 'श्रद्धासुमन', 'हार्दिक श्रद्धासुमन अर्पण' तथा 'शोकाकुल परिवार जनप्रति हार्दिक समवेदना', 'ईश्वरले धैर्य धारण गर्ने शक्ति प्रदान गरून' भनी भन्न वा लेख्न सकिन्छ । यस्तै अझ धेरै लेख्न मन लागे, 'यो संसार प्रकृतिको नियमको अधीन छ', 'हुनुहुनामीलाई कसले टार्न सक्छ र !', 'दु:खको यस घडीमा म तपाईंको साथमा छु', आदि आदि ।

***-रातोपाटी डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
- बुटवल ०७१-५४०२२२
- स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
- बुटवल रामनगर ०७१-५४१२३३
- भैरहवा ०७१-५२०१९९
- अर्घाखाँची ०७७-५२१११९
- गुल्मी ०७९-५२०१९९
- परासी ०७८-५२०१९९
- तौलिहवा ०७६-५६००९९
- पाल्पा ०७५-५२०५३६, ५२०१९९
- इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
- लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
- लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
- भिमअस्पताल भैरहवा ०७१-५२०१९३
- मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
- परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
- पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
- लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
- पिचन्द्र परासी ०७८-५२०१८८
- भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
- अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
- तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
- तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
- सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५५०
- बुटवल हस्पितल ०७१-५४६४३२
- लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
- रेडक्रस बुटवल ५४१००४
- लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
- मेडिटेक अस्पताल ५४९०७२
- कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
- आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
- रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
- रोटरी क्लब बुटवल ०७१-५४४६००
- लियो क्लब अफ बुटवल ०७१-५४५८९३
- रेडक्रस भैरहवा०७१-५२०२६३
- रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
- परासी ०७८-५२०१२५
- रेडक्रस पाल्पा ०७५-५२०६००
- रेडक्रस तौलिहवा ०७६-५६००१५
- रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
- रेडक्रस गुल्मी ०८९-५२०१६३
- नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
- लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
- नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
- जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
- लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
- बनगाई क्लब बनगाई ०७६-६९०१०२
- रेडक्रस देवदह ०७१-५७७०९९
- लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
- बुटवल जेसिस ९८४७१२९९६४
- न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
- परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
- रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : पेसा व्यवसायका क्षेत्रमा उन्नति प्रगतिको वातावरण बन्नेछ । | **तुला** : रमाइलो यात्रा गर्ने अवसर छ । परिवारजनको साथले आशा पलाउनेछ । |
| **वृष** : बुद्धिको उपयोग गर्नाले जटिल ठानिएको काम सम्पादन हुन सक्छ । | **वृश्चिक** : परिश्रमको उपलब्धि राम्रै पाइनेछ । कामले तीव्रता लिनेछ । |
| **मिथुन** : प्रतिस्पर्धामा सफलता मिल्छ । अधुरा कामहरु पूरा हुनसक्छ । | **धनु** : नोकरी गर्नेले सम्मान पाउने छन् । छोटो यात्राको सम्भावना छ । |
| **कर्कट** : रोकिएका काम सुरु हुन सक्छ । न्यायिक कार्यमा सफलता मिल्नेछ । | **मकर** : हाँसखेल र मनोरञ्जन पूर्ण समय छ । पारिवारिक सुख मिल्नेछ । |
| **सिंह** : विचार पुऱ्याएर निर्णय लिनुपर्छ । मनमा दोधारको अवस्था सिर्जना हुनसक्छ । | **कुम्भ** : रमाइलो यात्राको सम्भावना छ र त्यसबाट दीर्घकालिक फाइदा पुग्नेछ । |
| **कन्या** : काममा सफलता हुनेछ । यात्रामा सावधानी अपनाउनु पर्नेछ । | **मीन** : व्यवसायीको रमाइलो यात्राको योग छ । अतिथिको रूपमा सत्कार पाइएला । |

# साहित्य दर्पण

निबन्ध — पेशल आचार्य

## जीवनले के सिकायो ?

देख्नु र पाउनुमा अन्तर भेटेँ -मैले । सोच्नु र पुग्नुमा पार्थक्य पाएँ -मैले । ठान्नु र जान्नुमा पनि फासला देखेँ -मैले । भाग्दैभाग्दै र भोग्दैभोग्दै यतिखेर आएर सोच्दै छु । खे ! जीवनले के सिकायो ? अव्यवस्थित रूपले जे सिकायो त्यो स्वत:स्फूर्त सिकायो । अनुकरणमा नाममा सिकाए पनि । करण र कारणका उपमामा सिकाए पनि । आदेश र तामेलका नाममा सिकाए पनि । फैलिने र फैलाउने भावमा सिकाए पनि । ठुलो हुने भाव र ठालु पल्टिने ठाँट गिरीमा अनेकथरी स्थुल लक्षणाहरू पो सिकाएछ । ज्ञान, भक्ति र विवेक सिकाएनछ । चर्म चक्षुले हिँड्ने फगत् लघु पथ देखाएछ । ज्ञान चक्षुले पर्गेल्ने पौरखको घुम्ती बाटो देखाएनछ । मौलिकताको गति र प्रगति पनि भनेनछ -जीवनले । खुसुक्क चोरबाटाहरू देखाएछ । जब्बर जीवनले त खुसुक्क पाखुरामा चिमोटेर आँखा सन्काउँदै तँ आफैँ मात्र पार लाग् भनेछ । आफूलाई मात्र राखेर अरुलाई दिँदै नदे भनेछ । मेरो मात्र गन्न सिकाएछ । मेरो मात्र भन्न सिकाएछ । उसको, अरूको, परायाको त भन्नै बिर्स्याएछ । आफ्नो दुनो सोझ्याै गर्न, आफ्नो समूहलाई चिप्लो घसेर राम्रो भन्न र समूह भित्रका सगोत्रीलाई मात्र झुकेर मान्न र पर म शक्तिशाली ठान्न पो सिकाएछ । धत् ! यस्तो सिकाइलाई के सिकेँ भनेर भन्नूँ । यतिखेर म लाजले पानीपानी भएको छु । आफैँले आफैँलाई बुझाउँदा बुझाउँदै पनि ग्लानिमय भएको छु । यी जो सिकियो ती सिकाइलाई सिक्न कुनै गुरु थापिनँ -मैले, कुनै देउराली पनि भाकिनँ -मैले, भोगाइलाई स्वीकार्दै जाँदा जबजब पत्तो पाएँ -जीवन त ढिट र जब्बर हुँदो रहेछ, जीवन र साइँदुवा र अटेरी हुँदो रहेछ, यसले नजानेका, नसुनेका, नभोगेका र पत्तो नपाएका विषयादि चेतहरू पनि हुँदा कतैव बाँकिरहेनछन् । अनि यसरी पनि जीवनका सरहद् भित्रै पनि जीवन यसैयसै गरी हराउँदो रहेछ । एउटा फोटो देखेँ -फेसबुकमा । बोराको लुगा बनाएर लाएको मानिस आफ्नो झुपडी अघिल्तिर उभिएको छ । जाडो बढेकाले देशको गृह मन्त्रालय आगो ताप्ने सल्लाह दिँदै छ । गृहको सल्लाह नसुन्दा पनि हुन्थ्यो । गृहको सुझाव नमान्दा पनि हुन्थ्यो । केही लछारपाटो लगाउने थिएन त्यसले किनकि जाडोमा कसैलाई पनि तातो वस्तुका समिप जाऊ भन्नै पर्दैन । मानिस आफैँले थाहा पाइहाल्छ । गर्मीमा चिसोका नजिक आऊ भन्न आवश्यक छैन । मानिसलाई ज्ञात छ । मानिसहरू मरिरहेका छन् । युद्धका कारण । धर्मका कारण, जातीयताका कारण, जाडोका कारण, प्रेमका कारण, हिँसाका कारण, यो कारणले । त्यो कारणले, यसरी, त्यसरी, जसरी मरे पनि मानिस मरिरहेका छन् । इच्छा मरिरहेका छन् । उत्साह मरिरहेका छन् । जाँगर मरिरहेका छन् । समग्रतामा थिचिएका र पिल्सिएकाहरू नै मरिरहेका छन् । मर्नु पर्ने मरिरहेका छैनन् । बरा विचरा ! नमर्नु पर्ने चाहिँ मरिरहेका छन् । कस्तो विडम्बना ? कस्तो विरोधाभाष ? जन्मिनु र मर्नु प्रकृतिको नियामक तत्व, ब्यालेन्स गर्न पनि प्रकृतिकै सहारा चाहिने, उसैले हो, पुंशवन र गर्भाधान गराउने, जन्माउने, छैठी र न्वारान गराउने, छेवर, व्रतबन्ध, विवाह र गार्हस्थ गराउने । समग्रमा, पाल्ने, पोस्ने र मार्ने पनि । तर मानिस जाडाले किन मरिरहेछन् ? मानिससँग जाडोलाई डिल गर्ने सावगास छैन, हो ? हुति र पामर छैन हो ? भएको भए मानिस आफैँ जान्ने थियो कसरी जाडो भगाउनु पर्छ ? कसरी गर्मी हटाउनु पर्छ ? चराचर जगतका प्राणी र वनस्पतिहरूलाई त थाहा छ भने मानिस सबैभन्दा जेठोबाठो, विवेकी र सबै स्थानमा सेट हुने जीव । किन मरिरहेछ ? जीवनले दिने वास्तविक लय दिन नसकेको गुनासो यतिखेर मैले संगत गरेका मानिसहरू गर्दै छन् । आलाप गरेर गर्दैछन् । विलाप गरेर गर्दै छन् । जीवनले दिन नसकेका प्राप्तिहरू समूल रूपमा भेला गरेर गर्दैछन् । यतिखेर मैले संगत गरेका मानिसहरू भनिरहेका छन् -साला जीवनले केही दिन सकेनँ । जीवनले दिन नसकेका यावत् उपलब्धीहरू मैले संगत गरेका मानिसहरू पनि बताइरहकै छन् । तैपनि मानिसलाई जीवनसँग यतिधेरै गुनासो किन छ ? किन ? जीवन दिन चाहन्छ कि लिन ? जीवन भन्न चाहन्छ कि सुन्न ? जीवन पढाउन चाहन्छ कि पढ्न ? जीवन सिकाउन चाहन्छ कि सिक्न ? जीवन भोग्न चाहन्छ कि भोगाउन ? यी र यी प्रश्नहरू सधैँ जीवन बुझ्ने कोसिस गरेदेखि मेरा मथिङ्गलमा आउन थालेका हुन् । आइरहेकै छन् -अनवरत । बेमिसाल । कतै क्याराभान भएर । कतै जुलुस भएर । कतै अट्टहास भएर । कतै रोदन भएर । कतै के भएर । कतै के नभएर । जोडेर होस् कि तोडेर होस् -जीवनले दिएको छ । ए न साहित्यमा व्यक्तिन सकेको छ । न सिनेमामा देखिन सकेको छ । न खेलमा खर्लप्पै भाँतीमा उतार्न सकिएको छ । अँझ कुरूप चित्र त राजनीतिमा देखिएको छ । सिद्धान्तका पोया बाटेर पनि एक या अनेक नायकले समाजमा असल जीवनको प्रत्याभूति गर्ने राजनीति डेलिभरि गर्न सकेका छैनन् । एउटाको अर्कोसँग बाझाबाझ, पहिलाको दोस्रोसँग मनपरी, तेस्रोको चौथोसँग आमाचकारी र पाँचौंको सबैसँग भद्दा गालीगलौज । आफैँभित्र पनि गुटको राज्य र उपगुटको साम्राज्य पालेर हामी निम्छराहरूलाई एकताको निरस कोरस गायनका तालिमहरू दिइरहेका छौं । पहेलीहरू सुनिँदा छन् । पढिँदा छन् । भोगिँदा छन् । अन्त्य भएका छैनन् -किनकि आरम्भ भएकै छैन । सुरसारको त कुरै छाडौं । जीवन सोझो र सपाट चित्र बनाउने कुनै क्यानभास भैदिएको भए सबै सबैले जीवनलाई सरल रेखा चित्रमा उतार्न सक्ने थिए होलान् । भएन । भैदिएन् । घुमाउरा वक्र रेखादि नै जीवनका धर्सा र ब्रसहरूलाई आफ्ना अनुकूल वारेस बनाएको छ । कुची र प्लटहरूले नै जीवनलाई टेडोमेढो बनाएको छ । कविताहरू यति टेढामेढा जीवनका बारे लेखिएका छन् । कथाहरू कथिएका छन् । नाटकहरू मञ्चित भएका छन् । खेल र झेलहरू पनि बर्तिएका छन् । अनेक छन् । जोजो छन् ती भावातिरेक छन् । व्योम छन् । व्यास छन् । अक्षांश र देशान्तर छन् । वृत्त र चर्तुभुज छन् । त्रिभुज र समानान्तर पनि छन् । सव्य छन् । अपसव्य पनि छन् । अभियन्ताहरू दृश्यमा छन् । अदृश्यहरू छन् । प्रतिनिधिहरू चालमा छन् । वाचालमा पनि छन् । अभिनेताहरू कुटिल छन् । क्लान्तमा पनि छन् । सूत्रधारहरू बद्धमा छन् । मुक्तमा पनि छन् । वर्गीय छन् । व्यक्तिगत रुपमा पनि छन् । पुरुष भेषादिमा छन् । नारी रूपा कृतिमा पनि छन् । अँझ अचेल त तेस्रो लिङ्गी लवज र लिवाशमा पनि छन् । कतै सारमा छन् । कतै निसारमा छन् । धेरै धारमा छन् । थोरै दोधारमा पनि छन् । जीवनका फालकहरू फाटक नाघेर नाघियो । जँघारहरू साहसले तानेर तर्न सकियो । जीवनका असमेल बाढीहरू बाध्यताले तर्न सिकायो । जीवनका हाट बजारमा आवश्यकताले हटारु भई बजार भर्न सिकायो । आरम्भमै जीवनले रुन सिकायो । हाँस्न सिकायो । हरेश नखाई बाँच्न सिकायो । नामहरू सिकायो । सर्वनामहरू सिकायो । आफन्तलाई चिन्न र परायाहरूसँग पनि सर्दु नपरुन्जेल हिँड्न सिकायो । जीवनादि सिकायो । जीवनान्तको सामना गर्न सिकायो । जीवनले नै जन्ती र मलामी हुन् सिकाएको हो । पुस्तिका, पुस्तक, पोथी या ग्रन्थ पढ्नुभन्दा व्यवहार पर्गेलेर असमेल आनन्द लिन सिकायो । आफू तुरिएर अर्कालाई सन्तुष्ट हुन सिकायो । अरूका खातिर जीवन नै उत्सर्ग दिन समेत सिकायो । कहिले कहरका पञ्जाबाट उदाहरण दिँदै सिकायो । कहिले जहरका जहरिला तीक्तताहरूबाट ज्यून सिकायो । लट्ठ भएर प्यून सिकायो । दिल खोलेर पिलाउन पनि सिकायो । वक्ता हुन सिकायो । स्रोता बन्न सिकायो । स्वागत् गर्न सिकायो । धन्यवाद ज्ञापन गर्न पनि सिकायो । खासमा नसिकाउने धेरै सिकायो । सिकाउनै पर्ने चाहिँ थोरै सिकायो । लोभी रैङ्छ -जीवन । भरिएको खल्ती हुँदाहुँदै खाली छ भन्न सिकायो । कन्तुर, तिजोरी र लकर भरिँदा पनि छैन छैन भन्दै आफैँलाई मात्र थुपार्न गन्न सिकायो । यसरी सिक्नु र सिकाउनुका बीचैबीच पनि जीवनले ढुङ्गाका चेपबाट दुवैझैँ चियाएर टाउको उठाएर बाँच्न सिकायो । राहतका शीतबिन्दु बटुलेर पनि पीयूषका घुट्काको आनन्द लिन सिकायो । जेजे सिकायो त्यो सबैसबै अनुच्छेद र संकथनमा सिकायो । वाक्यमा सिकायो । उपवाक्यमा सिकायो । सरल, मिश्र र संयुक्त भोगाइमा व्यञ्जना मिसाएर हाँस्न र बाँच्न सिकायो । विजयोत्सवमा नाँच्न सिकायो । दुख्खमा साँच्न सिकायो । अनुभव र उमेरका पाँजामा बाला बनेर निछ्छ्रा दाना हुन कहिल्यै सिकाएनछ । जसले जे लेखे पनि हुने खाली पाना हुन सिकाएनछ । रित्तो हुन सिकाएछ भलिभाँती तर भरी हुन सिकाएनछ । अपशोच जीवनले सबै थोक सिकाउँदा सिकाउँदै पनि जीवनको लय पक्रेर नदीझैँ फोहोर र काञ्चन शद्धतालाई आफ्ना छातीभित्र समाहित गरेर नैरन्तर बगिरहनु भनेर कहिल्यै सिकाएनछ । शब्द र पदमा जीवन सधैंसधैं परमार्थका लागि आरोहण गरिरहनु भनेर कहिल्यै सिकाएनछ । धेरै सिकेँ भनेर गर्वले फुलेर भएको यो अवस्थामा अहिले जीवनका पछिल्तिर फर्केर हेर्दा पो झल्याँस्स भएको छु -आखिर मेरो जीवनले के सिकाएछ हँ ? अब यो प्रश्नको जवाफमा म स्वय म नाजवाफ भएको छु । अर्थहरूका पछिल्तिर । प्रश्नहरूका अघिल्तिर जीवनले हामीलाई केके सिकायो ? यो कसले सुनिदिने ? यो कसले भनिदिने ? म सही उत्तरदाताको खोजीमा छु । यक्षप्रश्न भनेको युग युगमा सुनेँ तर यक्ष उत्तरका रूपमा जीवनले तपाईं, हामी र मलाई यथार्थमा के सिकायो त ? हामीले कहिल्यै सोचेका छौं ?

*-मझेरी डटकम*

कथा — जीवन जीवन्त

## लोकतान्त्रिक पात्र

मैले उसलाई समाजमा नाङ्गो बनाएर बेइज्जत गर्ने धम्की दिएँ अनि मात्र ऊ गल्यो । धम्की निदिई आजकल यहाँ केही पनि पाउन सकिँदैन, न चन्दा न अधिकार । लेखकको गन्थन धेरै सुनियो । अब लोकतन्त्रमा पात्रको मन्थन पनि सुनौं । पुस्तकको संसारबाट बाहिर निस्केर वास्तविक जगत्को एउटा अनलाइन चौतारमा बसेका तीन पात्रहरुको यो विचारमन्थन सुनौं । पात्र 'क'ले आफ्नो पेजमा लेख्यो - 'यो पात्रको समय हो ।' पात्र 'ख'ले पनि लेख्यो - 'यो समय स्वतन्त्रताको हो ।' पात्र 'ग'को पेजमा देखियो - 'स्वतन्त्रता लोकतन्त्रको उपलब्धि हो । यो क्रान्ति र आन्दोलनको बलमा आएको हो ।' समयको गतिशीलतालाई कसले रोक्न सक्छ र ? आज समय यस्तो घुम्तीमा आइपुगेको छ जहाँ हिजोका निर्वाक आवाजहरु एटम झैं बुलन्द हुन थालेका छन् । न रोक्न सकिन्छ समयको गतिलाई न छेक्न सकिन्छ बुलन्द आवाजलाई । समयको चक्रमा परिक्रमा लाउनै पर्ने नियतिको फेरोमा बेरिएर ती बुलन्द आवाजहरु श्रवण गरौं । तर हातमा फूलपाती लिइहाल्नु पर्दैन, पुराण होइन अन्तिममा ' कि, जय भनेर दुवै हात माथि फर्काउनु पनि पर्दैन । पात्र क - पूर्वकार्यको समीक्षा गरेर मात्र नयाँ तथ्य पत्ता लगाउन सकिन्छ । त्यसैले विगतको छलफल र समीक्षा गरी आगतको खोजी गर्नु वर्तमानको आवश्यकता हो । त्यसैले तपाईंहरूलाई म आफ्नै विगततिर फर्काउँदै छु । त्यो निरङ्कुश शासनको बेला थियो । धर्तीको यथार्थभन्दा कल्पनाको उडान नै लेखकका निम्ति सुरक्षित मानिन्थ्यो ।


विचरा लेखक ! यथार्थ दृष्टिमा कल्पनाको पट्टी लगाएर अलौकिक संसारको सयर गर्न बाध्य थियो । उसले चाहेर पनि मलाई धर्तीको यथार्थ धरातलमा उतार्न सक्दैनथ्यो । त्यसैले मलाई भुत-प्रेत बनाइयो, बोक्सी-डङ्किनी बनाइयो, देउता-राक्षस बनाइयो । त्यसवेला म पनि केही गर्न सक्ने अवस्थामा थिइनँ । लेखक त विचरा, निरीह थिए भने म पात्रको हालत कस्तो थियो होला र ? अनुमान गर्नुहोस् न । तर मलाई एक प्रकारको आनन्द थियो । मलाई सांसारिक नियम र सभ्यता नामको नक्कली खोल ओडिरहनु थिएन । म अलौकिक संसारमा बसेर अलौकिक कार्यहरु गर्न समर्थ थिएँ । म त्यसमा शायद रमाएकै थिएँ । साँच्चिकै भन्नुपर्दा मलाई जीवनका सुखदु:ख नै थाहा थिएन अथवा मतलब थिएन । थाहा हुनुभन्दा अर्को आनन्द केही छैन शायद । तर थाहा पाइसकेपछि पीडा हुँदोरहेछ । त्यो दुख्दोरहेछ । त्यतिवेलाको आनन्द अहिलेको दुखाइले बिर्साइदिने रहेछ । यो समयले मलाई चेतना नभरिदिएको भए, मेरो अस्तित्व बोध नगराइदिएको भए । म अज्ञानताको धमिलो पोखरीमा नै पौडिरहेको हुन्थें होला । म रमाइरहेकै हुन्थें होला । तर यो चेतना भरिएको अस्तित्व बोधको पीडा कष्टकर हुँदोरहेछ । उकुसमुकुस भइरहेछ । शायद, जसको जुन समयमा जुन कार्यका निम्ति सिर्जना भएको हुन्छ उसको प्रयोजन सकिएपछि अन्त्य हुनुमा नै त्यसको अर्थ हुने रहेछ । दीर्घ जीवनको कहर अष्टचिरञ्जीवीहरूलाई मात्र हैन पात्र 'क'लाई पनि बोध भइरहेछ । समयानुसार पुनर्जीवन प्राप्त गर्न नसकेका र पाठकका मानसमा जीवितै रहेका पात्रहरु अहिले अस्तित्वबोधको चेतनामा अग्निदाह गर्न बाध्य छन् । पात्र 'ख'ले केही लेखिरहेको सङ्केत यहाँ देखिरहेको छ । पात्र ख - म अर्को पुस्ताको परें । मेरो लेखकमा यथार्थजीवनको बोध प्रबल थियो । तर ऊ विवश जीवन बाँचिरहेको थियो । उसको विवशता ऊ आफू भएर व्यक्त गर्न सक्दैन थियो । शायद शासन व्यवस्थाको डर थियो । अनि मलाई अघि सार्थ्यो र उसको जीवनभोगाइको विवशता प्रस्तुत गर्न लगाउँथ्यो । लेखकमा अर्को बाध्यता थियो कि उसको भोगाइलाई पनि सिधै प्रस्तुत गर्न सक्दैनथ्यो । त्यसले मलाई जटिलताको भासमा डुबाइदिन्थ्यो । त्यो दुरुहताको दलदलमा म निस्सासिन्थें तर मेरो दलदलमा हामफाल्न आउने पाठकहरुको दर्दनाक अवस्था देख्दा रमाइलो लाग्थ्यो । अनेक तरहले त्यो जालोभित्रबाट निस्कने बाटो बनाउन खोज्थे तर असफल भई त्यसै गाडिएर भौतारिएको दृश्यले मलाई आनन्दको सागरमा डुबाइदिन्थ्यो । म आफ्नो पीडा बिर्सिदिन्थें । म अरुको पीडामा आनन्द प्राप्त गर्ने शायद सजीव पात्र थिएँ । त्यही आनन्दको स्वादले मलाई त्यो जीवन रमाइलो नै लाग्थ्यो । एकातिर लेखकको विवश जिन्दगी अनि उसको बाध्यता अर्कोतिर पाठकहरुको दुरावस्था, त्यस बिचको मेरो जीवन खुसी थियो जस्तो लाग्छ । म त्यसैमा मग्नँ थिएँ । मलाई अरु कुराको चासो नै थिएन । त्यसैले मैले आफ्नो भूमिकाको खोजी नै गरिनँ । खोज नगर्नु र थाहा नपाउनुमा पनि आनन्द हुन्छ र ? त्यो त अज्ञानताको अन्धकार हो । अन्धकार त डर लाग्दो पो हुन्छ त । तर उज्यालोको विवश जिन्दगीभन्दा अँध्यारोको मौन जीवन नै प्यारो हुन्छ क्यारे । उसले मौन जीवन बाँचेको छ । मौनताभित्रको गहिराइको रहस्य कसलाई थाहा छ र ? पात्र 'ग'को कुरो के रहेछ, हेरौं : पात्र ग - तपाईंहरुको युग अज्ञानताको शून्यतामा आनन्दको सयर रहेछ । तर त्यो आनन्दले यहाँहरुलाई के दियो र ? शून्य आनन्द ! म अँध्यारो शून्यता पछिको उज्यालो युगको पात्र हुँ, कालो अँध्यारो पछिको सेतो उज्यालो । त्यो उज्यालो एक्कासी आएको थिएन ।

भागीरथ सैर्ष गरेर नेपाल धर्तीमा शङ्करको जटाबाट बिस्तारै अवतरण भएको थियो । ज मेरो त्यत्तिको बार्गेनिङपछि उसले मसँग सम्झौता गर्न बाध्य भयो । उसलाई नङ्ग्याउन नहुने सम्झौता भएको छ, सबै कुरा यहाँ भन्नु भएन । बार्गेनिङ र सम्झौता लोकतन्त्रको सौन्दर्य ! पात्र क - अर्को कथामा तिमीले खेलेको निम्न वर्गीय व्यक्तिको भूमिका तर पहिलेका साहित्यमा हामीले निभाएका निम्न वर्गीय पात्रको भूमिका उस्तै उस्तै त थिए नि । के फरक छ र ? पात्र ग - फरक छ नि, राम्ररी नियालेर हेर्नुहोस् न । तपाईंहरु त पाका हुनुहुन्छ । अहिले भर्खरकाहरु जस्तै सतही दृष्टिबाट नै निष्कर्ष निकाल्नु भएन । तपाईंहरुले निम्न वर्ग भएर भोग्नुपरेको अन्यायको पीडा परम्परागत सामन्तहरुबाट पाउनुभएको थियो । त्यसैले उनीहरुलाई निम्न वर्गको पीडा थाहा नै थिएन । उनीहरु दमनलाई आफूले बिरासतमा प्राप्त गरेका सम्पत्तिहरुजस्तै सम्झन्थे, अनि तपाईंहरु पनि आफ्नै कर्मलाई दोष दिएर बिनासर्त त्यो जीवन बाँचिरहनु भएको थियो । यी सब कुरा मैले तपाईंहरुलाई सम्झाइ राख्नै पर्दैन । तर मैले भोग्नुपरेका पीडाहरु नवसामन्तबाट पाएको हो जो हिजो तपाईंहरुजस्तै निम्नवर्गीय थिए । तर समयको गतिशीलतालाई बुझ्न सकेका कारण उनीहरुले आज त्यो स्तर बनाउन सके । उनीहरुलाई निम्न वर्गको पीडा राम्ररी थाहा छ, त्यसको स्वाद धेरै चाखिसकेका छन् तर उच्च वर्ग भएर अरुमाथि दमन गर्दाको अनुभव र स्वाद उनीहरुलाई थिएन । त्यसैले त्यो त उनीहरुको प्रारम्भिक अभ्यास मात्र हो, नयाँ अनुभवका लागि । पात्र ख - यो त डर लाग्दो जस्तो देखिन्छ नि ! पात्र ग - त्यति धेरै डराइहाल्नु पर्दैन किनभने उनीहरु हामीजस्ता निम्न वर्गका लागि लडेर आएका हुन् । हाम्रै लागि काम गरिरहेका पनि छन् । विभिन्न सभासमारोहमा हाम्रै पक्षबाट आवाज उठाइरहेका हुन्छन् । हामीलाई आश्वासन पनि दिइरहेका छन् । फेरि हामीलाई पनि थाहा छ हाम्रो अधिकार । यत्ति हो हामी बोल्ने ठाउँमा उनीहरु नै बोल्ने गरेका छन् । भोगाइ उस्तै भए पनि बोलाइ फेरिएको छ । यसले हाम्रो सोचाइमा आमूल क्रान्ति ल्याइदिएको छ तर केही गरिहाल्न सकिएको चाहिँ छैन । तै पनि हामी आत्तिएका छैनौ किनकि यो समय निम्न वर्गकै हो । हामी बिचमा एउटा सम्झौता भएको छ । पात्र क - त्यो सम्झौता गरेर तिमीले के पायौ त ? पात्र ग - मैले के पाएँ ? के प्रश्न हो, यस्तो । 'पाउन त के पाउनु र ! हामी पात्र लेखकको कलमबाट नै बग्ने हौं । तर पनि कम्तीमा बार्गेनिङ गर्न सक्ने भइयो नि । आफ्नो अधिकारका लागि अलिअलि उफ्रिन सक्ने भएँ नि । तपाईहरु त त्यति पनि गर्न सक्नुहुन्थेन । यो ठूलो उपलब्धी होइन त । पात्र क - उफ्रिन त सिक्यौ, ठिकै हो । लोकतन्त्रको शिक्षालयबाट प्राप्त गरेको ज्ञानको प्रमाणपत्र नै उफ्रिनु र कराउनु त हो नि ! तर ताप्केको माछा उफ्रेर उही भुङ्गोमै पर्ने त हो नि । समुद्र कहाँ छ ? त्यो कति टाढा छ ? केही थाहा छ त ? पात्र ग - तपाईहरुलाई केही थाहा छैन रहेछ ।

लोकतन्त्रमा उफ्रिने र कराउने काम नगरी त्यसको आनन्द लिनै सकिँदैन । यहाँ त कहिलेकाहीं आनन्दकै लागि पनि विरोध गर्ने र कराउने गरिन्छ । हामी जस्ता आवाजहीन र सीमान्त पात्रहरुका लागि त यो लोकतन्त्रले नयाँ जीवन नै दिएको छ नि । कम्तीमा उफ्रिन र कराउन त पाइएको छ । यसवेला निदर्र्यी र निरङ्कुश लेखकहरु डराउन थालेका छन् । पात्र ख - त्यत्ति मात्रै ! उसो भए सार त उही निस्क्यो नि ! एकातिर यथार्थ र सत्य त पहिले र अहिले पनि अप्रकट नै रहने भयो भने अर्कोतिर दलित, जनजातिलगायतका पिछडाहरु जस्तै पात्रहरु पनि कराउन सक्ने मात्र त भएछन् नि, पाएका केही होइन रहेछ । कलम त लेखककै हातमा रहेछ । उसको कलमबाट बगिरहुञ्जेल पात्रहरुले जतिसुकै कराए पनि के गर्न सक्छ र ? कलमै खोस्ने व्यवस्था होइन रहेछ, त यो लोकतन्त्र पनि । पात्र ग - हुन त म पनि लोकतन्त्रको वास्तविक मर्म विस्तारै बुझ्दै छु । यसले वास्तविक रुपमा सत्यलाई उजागर गरी त्यसमा परिवर्तन ल्याउने होइन कि जस्तो लाग्दैछ । यसले सत्यलाई अर्को किसिमले चलाउने मात्र रहेछ । सत्य त उहीको उही । हामी पनि महिला, जनजाति, दलित, मधेसी, अपाङ्गता आदिका नाममा कसैको स्वार्थका लागि चलाइएका मात्र रहेछौं कि भन्ने आभास हुँदै छ । पात्रलाई खेलाएर यो लेखक पनि अर्को किसिमले आफ्नो स्वार्थ सिद्ध गर्न खोजिरहेको इन्टरनेटको लाइन काटियो । सबै कुरा हेर्न, पढ्न पाइएन तर धेरै कुरा बुझ्न पाइयो । तपाईंले पनि अवश्य बुझ्नु भयो होला । सबैलाई थाहा छ तपाईं पनि आजको प्रबुद्ध व्यक्ति नै हुनुहुन्छ । संवादमा व्यवस्था प्रतिको निराशा र असन्तुष्टि प्रकट हुन थाल्नु र लाइन काटिनु संयोग मात्र थिएन !

*-साहित्यपोस्ट डटकम*

# कालीगण्डकीमा गर्भवती तथा सुत्केरीलाई एम्बुलेन्स




**वालिङ (स्याङ्जा),** साउन ४/ स्याङ्जाको कालीगण्डकी गाउँपालिकाले गर्भवती तथा सुत्केरीलाई निःशूल्क एम्बुलेन्स सेवा उपलब्ध गराएको छ । घरमा हुने सुत्केरीलाई शून्यमा झार्ने र अस्पतालमा सुरक्षितरूपमा सुत्केरी गराउन अभिप्रेरित गर्ने उद्देश्यले गत आर्थिक वर्ष २०८०/८१ को देखि निःशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराउन थालिएको हो ।

गाउँपालिका अध्यक्ष खिमबहादुर थापाले घरमै सुत्केरी हुने दरलाई शून्यमा झार्न एम्बुलेन्स सेवा उपलब्ध गराउन लागिएको बताए । 'गाउँपालिकावासी सबै गर्भवती तथा सुत्केरी महिलालाई निःशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराइरहेका छौं । यसले गर्भवती महिला तथा सुत्केरी भइसकेपछि आमा र शिशुको स्वास्थ्यका बारेमा रेखदेख र आवश्यक परामर्श दिन पनि सहज भएको छ', उनले भने । गत आर्थिक वर्षबाट सेवा उपलब्ध गराउने कार्यविधि बनाएर कार्यान्वयनमा लगिएको अध्यक्ष थापाले जानकारी दिए । यहाँ रहेका बर्थिङ सेन्टर तथा गाउँपालिकाद्वारा सञ्चालित कालीगण्डकी अस्पताल मिर्मीमा गर्भवती तथा सुत्केरी महिलालाई आउन जान निःशुल्क एम्बुलेन्सको व्यवस्था गरिएको हो ।

वडा नं ७ मिर्मीमा रहेको अस्पताल, वडा नं १ मा रहेको चण्डीभञ्ज्याङ बर्थिङ सेन्टर, वडा नं २ को आलमदेवी बर्थिङ सेन्टर र वडा नं ४ को विर्घा बर्थिङ सेन्टरगरी चार ठाउँमा आउन जान सेवा उपलब्ध गराइएको स्वास्थ्य शाखा प्रमुख एकबहादुर थापाले बताए । पालिकासँग चारवटा एम्बुलेन्स रहेका छन् । 'गत आवको अन्तिममा भए पनि कार्यविधि बनाएर निःशुल्क एम्बुलेन्स सेवा प्रदान गरेका छौं, हालसम्म नौ जनाले सेवा लिएका छन् ।

यसको प्रचार-प्रसार र सेवाका बारेमा टोलटोलमा जानकारी दिएर अझै प्रभावकारी ढङ्गले अगाडि बढाउने योजनामा छौं", स्वास्थ्य शाखा प्रमुख थापाले भने । कालीगण्डकी पालिकावासीलाई एक लाखसम्मको निःशुल्क स्वास्थ्य बीमासमेत सञ्चालनमा छ । यहाँ सञ्चालित कालीगण्डकी अस्पतालका सेवामा पनि गाउँपालिकावासीलाई सहुलियत दिइएको छ । *-रासस*

## लुम्बिनीको...

...सत्ता साझेदार दलले समर्थन फिर्ता लिएपछि ३० दिनभित्र प्रदेशसभाबाट विश्वासको मत लिने वा राजीनामा दिनुपर्ने हुन्छ । सोही व्यवस्थालाई उनले अवलम्वन गरेका हुन् । कांग्रेस-एमालेले मुख्यमन्त्रीको नाम टुंगो नलगाएकाले पनि महराले पर्ख र हेरको अवस्था अंगालेको बताउँदै आएका छन् । उनले कांग्रेस-एमालेले सरकार गठन गर्न संवैधानिक प्रक्रिया अघि बढाएपछि मार्गप्रशस्त गर्ने सार्वजनिक रुपमै मिडियामा बताउँदै आएका छन् । यद्यपी आइतबार बस्ने प्रदेशसभाको चौथो अधिवेशनको २४ औं बैठकमा भने महराले विश्वासको मत लिने वा पदबाट राजीनामा दिने सम्भावना रहेको स्रोतले जनाएको छ । चैत २३ गते महरा लुम्बिनी प्रदेशसभामा ८७ सदस्यीय सांसदमध्ये एमालेका २९, माओवादी १०, नागरिक उन्मुक्ति पार्टीका ४, जसपा ३, नेकपा एस १ र स्वतन्त्र सांसद खड्ग बस्नेत गरी ४८ सांसदको समर्थनमा मुख्यमन्त्रीमा नियुक्त भएका थिए । ८७ सदस्यीय लुम्बिनी प्रदेश सभामा बहुमतका लागि ४४ सांसदको समर्थन आवश्यक पर्दछ । प्रदेश सभामा एमालेको २९ र कांग्रेसको २७ गरी ५६ सांसद छन् । यसमा साना दलहरुलाई पनि समेट्ने एमाले र काँग्रेसको योजना रहेको छ ।


## शिक्षक आवश्यकता

**प्रकाशित मिति : २०८१/०४/०४**

प्रस्तुत विषयमा शिक्षा विकास तथा समन्वय इकाई पाल्पाको मिति २०८१/०४/०३ को च.नं.०४१को अनुमति र विद्यालय व्यवस्थापन समितिको २०८१/०४/०३ को बैठक निर्णय अनुसार यस विद्यालयमा रिक्त रहेको मा.वि तह नेपाली विषयमा अस्थायी करारमा पदपूर्ति गर्नुपर्ने भएकोले तपसिल बमोजिम दरखास्त आह्वानको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपशिल :**

**विज्ञापन नं. :** ०१/०८१/८२, **पदः** शिक्षक, **तह/श्रेणी :** मा.वि. तृतीय, **विषय :** नेपाली
**न्युनतम शैक्षिक योग्यता :** नेपाली मूल बिषय स्नातक (वि.एड.) वा सो सरह
**उमेर :** १८ वर्ष पुरा भइ ४० वर्ष ननाघेको, **तलब भत्ता :** नेपाल सरकारले तोके अनुसार
**निवेदन दिनुपर्ने मिति :** २०८१/०४/०४ गते देखि २०८१/०४/२० गते विद्यालय समयसम्म
**सम्पर्क मिति :** २०८१/०४/२१ गते, **परीक्षा मिति :** सम्पर्क मितिमा तोकिने छ ।
**परीक्षाको किसिम :** लिखित र अन्तर्वार्ता, **निबेदन दस्तुर :** रु २०००/- (दुई हजार मात्र)
**पेश गर्नुपर्ने आवश्यक कागजातहरु :** नेपाली नागरिकताको प्रतिलिपी, आफुले हासिल गरेको सम्पूर्ण शैक्षिक योग्यताको प्रमाणपत्र र स्थाई अध्यापन अनुमति पत्र प्रत्येकको २/२ प्रति प्रमाणित प्रतिलिपि दरखास्त साथ संलग्न हुनुपर्ने, परीक्षाको दिन सक्कल प्रमाणपत्र उपलब्ध गराउनुपर्ने
**सम्पर्क :** ०७५-४१२०७४(कार्यालय), ९८५७०६०५६५(प्र.अ.), ९८४७०९९६२२(लेखा)


आवेदन विद्यालयको इमेल sharadasecondary08@gmail.com मार्फत पनि पठाउन सकिने छ । आवेदन पठाउदा विद्यालयको राष्ट्रिय वाणिज्य बैंक पाल्पा शाखाको हि.नं. ३०३०१००००२८५८००१ मा निर्धारित समय भित्र भौचर भरी वा विद्यालयको लेखा शाखाबाट नगदी रसिद मार्फत् रकम जम्मा गर्न सकिने छ । परीक्षा दिन आउदा भौचर वा नगदी रसिद, ना.प्र., शैक्षिक प्रमाण पत्र सक्कल प्रति सहित उपस्थित हुनु पर्नेछ ।

नोट : रीत नपुगी आएका निवेदन उपर कुनै कारवाही हुने छैन । अनुभवी र माथिल्लो योग्यता भएको उम्मेदवारलाई विशेष ग्राह्यता दिइने छ ।

**श्री शारदा माध्यमिक विद्यालय**
तानसेन-८, मदनपोखरा, पाल्पा


### खेलकुद समाचार

## महिला एशिया कप क्रिकेटमा नेपालको जीत



**काठमाडौं,** साउन ४/महिला एशिया कप टी-२० क्रिकेटमा नेपालले ऐतिहासिक जीत निकालेको छ । शुक्रबार भएको उद्घाटन खेलमा नेपालले यूएईलाई ६ विकेटले हरायो ।

प्रतियोगितामा तेस्रो पटक सहभागिता जनाएको नेपालको यो पहिलो जित हो । यसअघिका प्रतियोगितामा नेपाल एक खेल पनि नजिती समूह चरणबाटै बाहिरिएको थियो । यूएईले दिएको १ सय १६ रनको लक्ष्य नेपालले १६ ओभर १ बलमा ४ विकेट गुमाएर भेटायो । नेपालकी ओपनर ब्याटर सम्झना खड्काले अर्धशतक बनाइन् । उनले ४५ बलमा नट आउट ७२ रन जोडिन् । यूएईकी कविशा इगोदागेले ३ विकेट लिइन् । यसअघि श्रीलङ्काको दम्बुलामा टस हारेर ब्याटिङ गरेको यूएईले २० ओभरमा ८ विकेट गुमाएर १ सय १५ रन बनायो । यूएईकी खुशी शर्माले ३६, कविशा इगोदागेले २२ रन बनाइन् । नेपालकी कप्तान इन्दु बर्माले ३ तथा सबनम राई, कृतिका मरासिनी र कविता जोशीले समान १ विकेट लिइन् । नेपाल र यूएईको खेलपछि शुक्रबार भारत र पाकिस्तान खेल्दैछन् । शुक्रबार देखि शुरु भएको नवौं संस्करणको महिला एशिया कप प्रतियोगिताको फाइनल खेल आउँदो जुलाई २८ मा हुनेछ । नवौं संस्करणको प्रतियोगिता यस पटक चार टेस्ट र चार एसोसिएट गरी आठ वटा देश सहभागी छन् । एशिया कपमा नेपाल समूह 'ए' मा छ । यो समूहमा नेपाल, यूएई, भारत र पाकिस्तान छन् । यस्तै समूह 'बी' मा आयोजक श्रीलङ्कासहित, बङ्गलादेश, मलेसिया र थाइल्यान्ड छन् ।

## तानसेनमा...

...नेपाल रेडक्रस सोसाइटी पाल्पा शाखा अध्यक्ष बाबुम कार्कीले तीनै तहका सकामा युवाहरूले बाघडोर सम्हालु पर्ने बताए । उनले रेडक्रस पाल्पाले ब्लड बैंक स्थापनाका लागि सञ्चालन गेको अभियानमा साथ दिन सबैलाई आग्रह समेत गरे । कार्यक्रममा पाल्पा जेसिजका पूर्व अध्यक्ष बुद्धि प्रसाद शर्मा, तानसेन ४ का वडा अध्यक्ष हेमन्तराज शाक्य, १ का वडा अध्यक्ष तथा जेसिजका निवर्तमान अध्यक्ष सुनिल कुमार बस्याल, ६ का वडा अध्यक्ष सागमान महर्जन, पाल्पा उद्योग वाणिज्य संघका अध्यक्ष तथा पाल्पा जेसिजका पूर्व अध्यक्ष शैलेन्द्र भट्टाई, प्रेस चौतारी नेपालका केन्द्रिय सदस्य मिलन विक लगाएतले सप्ताह सफलताको शुभकामना व्यक्त गरे । सप्ताहमा तानसेनका १ वडा देखि ७ वडा भित्रका महिलाहरुलाई नेतृत्व क्षमता अभिवृद्धिका तालिम सञ्चालन हुने जेसिजका अध्यक्ष जेसी अर्जुन कार्कीले बताए । कार्कीको अध्यक्षता, कार्यकी उपाध्यक्ष गणशे बस्यालको जेसिज प्रार्थाना महासचिव जेसी बिजय कार्कीको सञ्चालनमा कार्यक्रम भएको थियो । कार्यक्रममा प्रशिक्षक कला दाहाल एञ्जिना खनालले प्रशिक्षण दिइरेका छन् ।

### अर्थ/कर्पोरेट समाचार

## तोलामा दुई हजारले घट्यो सुनको मूल्य




**पाल्पा,** साउन २/स्थानीय बजारमा सुनको मूल्य तोलामा दुई हजारले ओरालो लागेको छ । नेपाल सुनचाँदी व्यवसायी महासैकानुसार बिहीबार प्रतितोला एक लाख ४९ हजार पाँच सयमा कारोबार भएको छापावाला सुनको आज भने एक लाख ४७ हजार पाँच सय निर्धारण भएको छ ।

बिहीबार प्रतितोला एक लाख ४८ हजार आठ सयमा कारोबार भएको तेजाबी सुनको मूल्य आजका लागि भने एक लाख ४६ हजार आठ सय निर्धारण भएको छ ।

यस्तै, चाँदीको मूल्य तोलामा ३० ले घटेको छ । बिहीबार प्रतितोला एक हजार आठ सय ६० मा कारोबार भएको चाँदीको मूल्य आज एक हजार आठ सय ३० निर्धारण गरिएको छ ।


## डेंगीबाट बचौं र बचाऔं

- उच्च ज्वरो आउने ।
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु ।
- आँखाको गेडी दुख्नु ।
- अत्याधिक टाउको दुख्नु ।
- शरीरमा राता बिमिराहरु आउनु ।
- वाकवाकी लाग्नु वा वान्ता हुनु ।

यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ । तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई